# वैतेश्वर राजपत्र

**वैतेश्वर गाउँपालिकाद्धारा प्रकाशित**

**खण्ड ३) पाडुडाँडा, दोलखा, बागमती प्रदेश, नेपाल जेठ ७ गते २०७७ (संख्या २**

## <u>भाग २</u>

## एम्बुलेन्स संचालन सम्बन्धी कार्यविधि, २०७७

**(गाउँ कार्यपालिकाबाट पारित)**

(गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०७७-०२-०२)

**प्रस्तावना:**

विभिन्न प्रकारका सर्ने तथा नसर्ने प्रकृतिका रोगहरुको कारण वैतेश्वर गाउँपालिकाका जनतालाई भएको र हुन सक्ने स्वास्थ्य समस्याबाट सुरक्षित राख्ने उद्देश्यले साविक हिमालय केयर ह्याण्डस, नेपालले संचालन गर्दै आएको एम्बुलेन्स हस्तान्तरण भई आएको र हाल वैतेश्वर गाउँपालिकाको मातहतमा रहेको एम्बुलेन्स **आधारभुत स्वास्थ्य तथा सरसफाइ ऐन, २०७६ को दफा ३८** ले दिएको अधिकार प्रयोग गरी वैतेश्वर अस्पतालको मातहत मार्फत संचालन तथा व्यवस्थापनका लागि छुट्टै कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले गाउँ कार्यपालिकाले देहायको कार्यविधि बनाई लागू गरेको छ।

### परिच्छेद १

### <u>संक्षिप्त नाम र प्रारम्भ</u>

१. **<u>संक्षिप्त नाम  र प्रारम्भ:</u>** (क) यो कार्यविधिको नाम एम्बुलेन्स संचालन कार्यविधि, २०७७ रहेको छ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिदेखी लागू हुनेछ।

२. **<u>परिभाषा</u>**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,

क) **एम्बुलेन्स** भन्नाले वैतेश्वर अस्पतालले संचालन गर्ने एम्बुलेन्सलाई जनाउँछ।

ख) **ऐन** भन्नाले आधारभुत स्वास्थ्य तथा सरसफाई ऐन, २०७६ लाई जनाउँछ।

ग) **गाउँपालिका** भन्नाले वैतेश्वर गाउँपालिकालाई जनाउँछ।

घ) **गाउँसभा** भन्नाले वैतेश्वर गाउँपालिकाको गाउँसभालाई जनाउँछ।

ङ) **कार्य पालिका** भन्नाले वैतेश्वर गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

च) **समिति** भन्नाले एम्बुलेन्स संचालन र व्यवस्थापनका लागि गठन भएको संचालक समितिलाई जनाउँछ।

छ) **अस्पताल** भन्नाले आधारभुत स्वास्थ्य तथा सरसफाइ ऐन २०७६ को दफा ३ (क) अनुसार संचालन भएको अस्पताल सम्झनुपर्दछ।

ज) **अस्पताल प्रमुख** भन्नाले नेपाल सरकारबाट सिफारीस भई अस्पतालको कामकाजका लागि खटाएको व्यक्ति सम्झनुपर्दछ ।

## परिच्छेद २

## एम्बुलेन्स संचालन सम्बन्धी व्यवस्था

**३.उदेश्य :** यस कार्यविधिको प्रमुख उद्देश्य यस गाउँपालिका क्षेत्रभित्र र नजिकका स्थानीय तहको समेत स्वास्थ्य समस्या भएका नागरिकहरुलाई उपचारका लागि नजिकको अस्पताल वा स्वास्थ्य संस्थासम्म पुर्‍याउने तथा यसको विश्वसनीयता साथै प्रभावकारीता वृद्धि गरी दिगो र भरपर्दो सेवा संचालन गर्नु रहेको छ।

**४.छुनौट र प्राथमिकता :**

(१) एम्बुलेन्सको उपयोगको लागि गाउँपालिका क्षेत्रभित्रका बासिन्दाहरुलाई सेवा प्रदान गर्दाको सेवा शुल्क र अन्य स्थानिय तहका सेवाग्राहीहरुलाई लिने सेवाशुल्कमा फरक हुने गरी एम्बुलेन्स सन्चालन समितिले निर्धारण गरे बमोजिमको रकम समितिको निर्णय भए पश्चात लागू हुनेछ।

(२) उप विनियम (१) बमोजिम सेवा शुल्क लिदाँ सेवा उपयोग गर्ने व्यक्तिको स्थायी ठेगानालाई आधार मानिनेछ।

**५. संचालक समिति :** (१) एम्बुलेन्स सेवाको व्यवस्थित उपयोग, संचालन, खटनपटन र व्यवस्थापनका लागि वैतेश्वर अस्पतालले छुट्टै एम्बुलेन्स संचालन समिति गठन गरीनेछ ।

(२) उप नियम (१) बमोजिम गठन हुने एम्बुलेन्स संचालक समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन।

| | |
|---|---|
| क) अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकिएको व्यक्ति | अध्यक्ष |
| ख) अस्पताल रहेको वडाको वडा अध्यक्ष वा निजले तोकिएको व्यक्ति | सदस्य |
| ग) अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिले तोकेको १ जना | सदस्य |
| घ) अस्पतालको कार्यालय प्रमुख/मेडीकल सुपरीटेन्डेन्ट वा निजले तोकेको व्यक्ति | सदस्य |
| ङ) अस्पताल आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य-सचिव |

३) उप विनियम (२) को खण्ड (ग) बमोजिम तोकिएका संचालक समितिका सदस्यहरुको पदावधी सामान्यतया १ वर्षको हुनेछ। तर यस खण्ड बमोजिम तोकिएका कुनै पनि मनोनयन गरेको सदस्यले लगातार १ कार्यकाल भन्दा बढी समय संचालक समितिमा रही काम गर्न पाउने छैन एउटै सदस्यलाई म्याद थप गर्नुपर्ने भएमा अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको बैठकले निर्णय गर्नुपर्नेछ।

४) समितिको कुनै सदस्यले एम्बुलेन्सको प्रभावकारी संचालन र व्यवस्थापनमा बाधा पुग्ने गरी वा वैतेश्वर अस्पतालको हित विपरीत हुनेगरी काम गरेको पाइएमा अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको बैठकले त्यस्तो सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

५) संचालक समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले बोलाउने छ।

६) सदस्यहरुको योग्यता

देहायका योग्यता भएको व्यक्ति समिति पदाधिकारी एंवम सदस्य पदमा नियुक्तिको लागी योग्य हुनेछः-

- नेपाली नागरीक ।

- नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरी सजाय नपाएको ।

- नेपाल सरकार, प्रदेश सरकार, स्थानिय सरकार वा अर्न्तगतको कुनै संगठित संस्था संग कुनै वेरुजु वा बक्यौता बाँकी नरहेको ।

- बहालवाला राष्ट्रसेवक सदस्यको लागि योग्य नहुने ।
- उच्च नैतिक चरित्र भएको र कालो सूचिमा नपरेको ।

- विदेशी राष्ट्रको नागरीकता वा स्थायी आवासीय अनुमती पत्र नलिएको ।

**६) <u>काम, कर्तव्य र अधिकार</u> :** (१) एम्बुलेन्स संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ।

क) गाउँपालिकाको बैठकले निर्णय गरी कार्यान्वयनमा ल्याएको कार्यविधि बमोजिम एम्बुलेन्सको दैनिक खटन पटन गर्ने,

ख) एम्बुलेन्स संचालन भएको पटक एकिन गरी सोको अभिलेख अध्यावधिक गरी राख्ने,

ग) निर्णय नभएको कार्यमा एम्बुलेन्सको प्रयोग भएको पाइएमा तत्काल एम्बुलेन्स फिर्ता गर्न लगाउने ,

घ) तत्काल फिर्ता गर्न अटेर गरेको अवस्थामा प्रहरी प्रशासनको सहयोग लिई एम्बुलेन्स फिर्ता गराउने,

ङ) अनधिकृत प्रयोग भएको अवधिको लागि संचालक समितिले एम्बुलेन्स चालकसँग आवश्यक जरिवाना लगाई असुलउपर गरी संचालन कोषमा जम्मा गर्ने/गराउने,

च) कुनै व्यक्ति वा संस्थाले एम्बुलेन्स भाडामा लिई संचालन गरेको अवस्थामा भाडा वापतको रकम असुल गरी कोषमा जम्मा गराउने,

छ) एम्बुलेन्स मर्मत सम्भार गनुपर्ने भनी एम्बुलेन्स चालकले दिएको निवेदन उपर आवश्यक छानबिन गरी स्वीकृतीका लागि अस्पताल समक्ष सिफारीस गर्ने,

ज) एम्बुलेन्स संचालनमा खटिएका कर्मचारीहरुको कार्यसम्पादन क्षमता, एम्बुलेन्सको समूचित रेखदेख र व्यवस्थापनमा निजहरुले खेलेको भूमिकाको बारेमा अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिलाई सुझावहरु दिने,

झ) एम्बुलेन्सको प्रभावकारी व्यवस्थापन र संचालनका लागि आवश्यक देखेका अन्य विषयहरुमा अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिले आवश्यक सुझावहरु दिने र प्राप्त निर्देशन अनुरुप कार्य गर्ने।

२. एम्बुलेन्स संचालक समितिका अन्य काम, कर्तव्य र अधिकार अस्पतालको बैठकको निर्णय बमोजिम हुनेछ।

तर निर्वाचीत सदस्यहरुको कार्यकाल समाप्त भई अर्को निर्वाचन नभएसम्म वा अन्य कारणले रिक्त रहेको अवधिका लागि एम्बुलेन्सको संचालन अस्पताल प्रमुख वा अस्पताल सुपरिटेन्डेन्टले तोकीदिए बमोजिम हुनेछ ।

## परिच्छेद ३

## कर्मचारी सम्बन्धी व्यवस्था कर्मचारीको नियुक्ति :

**७. कर्मचारीको नियुक्ति :** (१) एम्बुलेन्स संचालनका लागि एक जना चालक (हलुका सवारी चालक प्रथम तह वा सो सरह) को एक जना कर्मचारी करार सेवामा भर्ना गरिने छ। एम्बुलेन्स चालक पदमा स्थायी नियुक्ति गरिनेछैन।

२) उप विनियम (१) बमोजिम कर्मचारी भर्नाका लागि आवश्यक शैक्षिक योग्यता अनुभव तथा अन्य आधार तयार गर्ने तथा कर्मचारी नियुक्ति सम्बन्धी सबै कार्य गाउँपालिकाको प्राविधिक कर्मचारी करारमा लिने सम्बन्धी कार्यविधि २०७४ बमोजिम हुनेछ।

माथि बुदाँ नं १ र २ मा जुनसुकै कुरा लेखिएको भएतापनि हाल संचालनमा रहेका एम्बुलेन्स चालकहरुलाई कुनै उमेरको हदबन्दी लाग्ने छैन र यो कार्यविधि लागु भए पश्चात अस्पताल प्रशासन शाखाले पुनःकरार सम्झौता गर्नुपर्नेछ।

**८. पारिश्रमिक तथा सेवाका शर्तहरु :** (१) एम्बुलेन्स चालकले क्रमशः हलुका सवारी चालक प्रथम तहको स्थानीय तहको कर्मचारीले पाएसरहको तलब पाउने छ।

२) एम्बुलेन्स चालकले उप विनियम (१) बमोजिम पाउने तलब बाहेक एम्बुलेन्स संचालन भएको अवधीमा प्रति टिप थप भत्ता निर्णय बमोजिम पाउने छ।

३) एम्बुलेन्स चालकको तलब भत्ता तथा अन्य सुविधा एम्बुलेन्स संचालन कोषबाट व्यहोरिने छ।

**९. आचारण :** (१) एम्बुलेन्स चालकले देहाय बमोजिमका आचारणहरुको पालना गर्नुपर्नेछ।

क) एम्बुलेन्स को उचित तरीकाले संचालन, रेखदेख र संरक्षण गर्ने,

ख) एम्बुलेन्स संचालन भएको अवधीमा किलोमिटर र खपत भएको इन्धनको दैनिक रुपमा अभिलेख अनुसूची १ बमोजिम राख्ने,

ग) एम्बुलेन्स संचालन गर्ने निर्णय भएको स्थान बाहेक अन्यत्र एम्बुलेन्स उपयोग गर्दा समितिको पूर्व अनुमति लिने,

घ) एम्बुलेन्सको नियमित सरसफाई, लुब्रिकेन्ट चेकअप तथा नियमित मर्मत सम्भारका लागि समुचित ध्यान दिने र अनुसूची २ भरी नियमित प्रतिवेदन पेश गर्ने।

ङ) एम्बुलेन्स संचालनको क्रममा हुन सक्ने सम्भावित दुर्घटना तथा क्षति उपर सावधानी अपनाई एम्बुलेन्सको सुरक्षा गर्ने,

च) एम्बुलेन्सको ब्लुबुक नविकरण, दुर्घटना बिमा, तथा प्रिमियम सम्बन्धमा समयमै अस्पतालको आर्थिक प्रशासन शाखामा जानकारी गराउने,

छ) एम्बुलेन्स संचालन सम्बन्धमा संचालक समितिले दिएको निर्देशनहरुको पुर्ण पालना गर्ने ।

**१०.अवकाश दिन सकिने** :(१) आफनो पदको जिम्मेवारी राम्ररी पुरा नगरेको अवस्थामा एम्बुलेन्स चालकलाई एम्बुलेन्स सञ्चालक समितिले सिफारिस गरी अस्पताल व्यवस्थापन समितिले निर्णय गरी जुनसुकै बखत हटाउन सकिने छ ।

## परिच्छेद ४

## मर्मत संभार सम्बन्धी व्यवस्था

**११. सेवा शुल्क तथा इन्धनको व्यवस्था** : (१) गाउँपालिका क्षेत्र भित्रका गाउँबासीहरुले र नजिकका स्थानीय तहका नागरिकहरुले एम्बुलेन्स भाडामा प्रयोग गर्दा लाग्ने सेवाशुल्क समितिले निर्धारण गरेबमोजिम लाग्नेछ।

२) अस्पताल व्यवस्थापन समितिको सिफारिसमा गाउँपालिका क्षेत्र भित्रका ७० वर्ष भन्दा माथिका असहाय जेष्ठ नागरिकका लागि एम्बुलेन्स प्रयोग हुँदा लाग्ने खर्च अस्पतालको कोषबाट व्यहोर्नेछ।

**१२. एम्बुलेन्स संचालन कोष** : (१) एम्बुलेन्सको नियमित मर्मत सम्भार तथा कर्मचारीहरुको तलब भत्ताको व्यवस्था गरी एम्बुलेन्सको नियमित संचालनलाई सुनिश्चित गर्न छुट्टै एक एम्बुलेन्स संचालन कोष खडा गरिनेछ।

(२) उप विनियम (१) बमोजिम खडा गरिने एम्बुलेन्स संचालन कोषमा देहाय बमोजिमको रकम समेत जम्मा गरिनेछ।

क) सेवा उपभोग गर्ने व्यक्ति वा संघ संस्थाबाट प्राप्त एम्बुलेन्स उपभोग वापत बुझाउने सेवाशुल्क वापतको रकम,

ख) कुनै संघसस्थालाई भाडामा प्रयोग गर्न दिएको अवस्थामा भाडा वापत प्राप्त रकम,

ग) नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाबाट एम्बुलेन्स संचालनका लागि प्राप्त अनुदान रकम,

घ) अन्य दातृ निकायबाट प्राप्त अन्य कुनै अनुदान तथा सहयोग रकम आदि,

ङ) साविक गाविसहरुले एम्बुलेन्स सेवा संचालन गरी बैक वा सहकारीमा जम्मा गरेको रकम ।

**१३. कोषको संचालन र उपयोग** : (१) एम्बुलेन्स संचालन कोष अस्पताल प्रमुख वा सुपरिटेन्डेन र अस्पताल लेखा प्रमुखको संयुक्त दस्तखतबाट संचालन गरिनेछ।

२) एम्बुलेन्स संचालन कोषमा जम्मा भएको रकम एम्बुलेन्सको नियमित मर्मत सम्भार, कर्मचारीहरुको तलब भत्ताका लागि खर्च गरिनेछ।

माथि बुदाँ नं १३ को (२) अनुसार खर्च भई बाकी रहेको रकम अस्पताल संचालन तथा व्यवस्थापन समितिले निर्णय गरि अस्पतालको संचालन भौतिक संरचना निर्माण चल अचल सम्पती खरीद कार्यका लागि खर्च गर्न सकिनेछ।

## परिच्छेद ५

## विविध

**१४. लेखा र लेखा परिक्षण** : (१) एम्बुलेन्स संचालन कोषको आम्दानी र खर्चको लेखा (आ.ले.प) गाउँपालिकाको आन्तरीक लेखा परिक्षक वा दर्तावाला लेखा परीक्षकबाट गराइनेछ।

२) एम्बुलेन्स संचालन कोषको आम्दानी र खर्चको हिसाब महालेखा परिक्षकको कार्यालयबाट खटिने लेखा परिक्षणबाट सालवसाली रुपमा लेखापरिक्षण गरिनेछ।

**१५. विवादको समाधान** : (१) एम्बुलेन्स संचालन गरी सेवा प्रदान गर्ने सन्दर्भमा कुनै विवाद उत्पन्न भएमा एम्बुलेन्स संचालक समितिले सम्बन्धित पक्षहरुसँग छलफल गरी समाधान गर्नेछ।

२) एम्बुलेन्स संचालक समितिले समाधान गर्न नसकेको विवादहरु अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको निर्णयबाट समाधान गरिनेछ।

**१६. भाडामा दिन सकिने :** (१) अस्पतालले एम्बुलेन्स संचालन गर्न नसक्ने अवस्था भई कुनै व्यक्ति वा संस्था मार्फत एम्बुलेन्स संचालन गर्न उपयुक्त देखिएमा एम्बुलेन्स संचालक समितिले सिफारिस गरेको अवस्थामा अस्पताल व्यवस्थापन समितिको बैठकले निर्णय गरी एम्बुलेन्स भाडामा प्रयोग गर्न दिन सकिनेछ।

२) अस्पताल व्यवस्थापन समितिको बैठकले आवश्यक देखेमा संचालक समितिले सिफारिस नभएपनि एम्बुलेन्स भाडामा दिन सक्नेछ र सोको भाडा दर अस्पताल व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

३) उप विनियम (१) बमोजिम एम्बुलेन्स भाडामा दिदाँ अनुसूची ३ बमोजिम बमोजिम हुनेछ।

**१७. एम्बुलेन्स हस्तान्तरण :** वैतेश्वर गाउँपालिकाबाट यो कार्यविधि लागू हुनु अघि साबिक गा.वि.स./स्वास्थ्य चौकीको नाममा सञ्चालनमा रहेको वा नरहेका एम्बुलेन्स यसै कार्यविधि बमोजिम सञ्चालनका लागि वैतेश्वर अस्पताललाई हस्तान्तरण गर्नुपर्नेछ।

**१८. कार्यविधिमा संशोधन :** यस कार्यविधिमा आवश्यक संशोधन वा थपघट गर्नुपरेमा कार्यपालिकाको बैठकले निर्णय गरी थपघट वा संशोधन गर्न सक्नेछ।

**१९. अन्य आवश्यक कुराहरु :** एम्बुलेन्स प्रयोग शुल्क संचालक समितिले तयार गरी अस्पताल व्यवस्थापन समितिको बैठकबाट स्वीकृत भएपछि लागु गरिनेछ। यस्तो शुल्क निर्धारण नभएसम्मका लागि चलन चल्तीको भाडा दरलाई नै प्रयोगमा ल्याइनेछ।

**२०. प्रचलित कानुन बमोजिम हुने :** यस कार्यविधिमा लेखिएका कुराहरुको हकमा यसै बमोजिम र नलेखिएका कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

## अनुसूची -१

## एम्बुलेन्स संचालन अभिलेख

## वैतेश्वर अस्पताल

## वैतेश्वर, दोलखा।

| मिति | संचालन भएको स्थान, समय, कि.मि | | | | | | सेवाग्राहीको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | देखि | | | सम्म | | | | |
| | स्थान | कि.मि. | समय | स्थान | कि.मि. | समय | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

रेकर्ड राख्ने : रुजु गर्ने : प्रमाणित गर्ने :

एम्बुलेन्स चालक प्रशासन शाखा अस्पताल प्रमुख

# अनुसूची -२

## एम्बुलेन्स मर्मत संभार सम्बन्धी अभिलेख

**वैतेश्वर अस्पताल**

**वैतेश्वर, दोलखा।**

| मिति | मर्मत खर्चको विवरण | | | जम्मा खर्च | मर्मत कम्पनी (नाम, ठेगाना) | दस्तखत |
|---|---|---|---|---|---|---|
| | सामान | ज्याला | लुब्रिकेन्टस | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| रेकर्ड राख्ने : | प्रमाणित गर्ने : | स्वीकृत गर्ने : |
|---|---|---|
| जिन्सी प्रमुख | प्रशासन शाखा | अस्पताल प्रमुख |

## अनुसूची -३

## भाडामा लिने दिने सम्झौता पत्र

वैतेश्वर अस्पताल (जसलाई पछि प्रथम पक्ष भनिने छ) र ............बस्ने श्री...........यसपछि दोस्रो पक्ष भनिनेछ) बीच दोलखा जिल्ला.............गा.पा.वडा नं........मा ............एम्बुलेन्स सेवा प्रदान गर्ने प्रयोजनका लागि एम्बुलेन्स भाडामा दिने लिने सम्बन्धमा निम्नअनुसारका शर्तहरु दुबै पक्षले पूर्ण रुपमा पालना गर्न मञ्जुर भई यो सम्झौता पत्रमा सहीछाप गरी लियौँ दियौँ।

**शर्तहरु :**

१. एम्बुलेन्स भाडामा लिने(दोस्रो पक्षका ) श्री...............ले एम्बुलेन्स भाडामा लिदा एम्बुलेन्स संचालनमा आएपछि प्रतिदिन रु.........का दरले प्रथम पक्षलाई भाडा तिर्ने गरी भाडामा प्रयोग गर्नु पर्नेछ।

२.यो सम्झौता मिति............गते देखि .........गतेसम्म लागुहुनेछ।

३.सम्झौताको अवधि भन्दा बढी समय एम्बुलेन्स प्रयोग गर्नुपरेमा दोस्रो पक्षले प्रथम पक्षलाई निवेदन दिई अनुरोध गरेमा थप समयमा पनि सम्झौता गरी प्रयोग गर्न सकिनेछ।

४.दोस्रो पक्षले एम्बुलेन्स भाडामा लिनु पुर्व भाडामा लिएको अवधिको सम्पूर्ण रकम वैतेश्वर अस्पतालको मुल खातामा जम्मा गर्नुपर्नेछ।

५.दोस्रो पक्षले एम्बुलेन्स संचालनमा ल्याउने सम्झौता अवधिभर चालकलाई बस्ने बासको व्यवस्था गरिदिनुपर्नेछ।

६.एम्बुलेन्स संचालन अवधिमा एम्बुलेन्सको इन्धन, मर्मत तथा सर्भिसिङ् दोस्रो पक्षले नै गर्नुपर्नेछ।

७. यो सम्झौता सम्पन्न भई एम्बुलेन्स दोस्रो पक्षले जिम्मा लिईसकेपछि कार्यालयमा फिर्ता नबुझाउदाँ सम्म सोको पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनुपर्नेछ।

८. यो सम्झौता गरी तोकिएको अवधिका लागि लगिएको एम्बुलेन्स समय समाप्त भएपछि नबुझाएमा दोस्रो पक्षले भाडा बाहेक दैनिक रु.........का दरले प्रथम पक्षलाई थप हर्जना तिर्नुपर्नेछ।

९. एम्बुलेन्स प्रयोग गरेवापत कुनै सरकारी कर तिर्नुपर्ने भएमा दोस्रो पक्षले नै तिर्नुपर्नेछ।

१०) एम्बुलेन्स भाडामा लिई संचालन गर्दा दुर्घटना भएमा त्यसको सम्पुर्ण दायित्व दोस्रो पक्षको हुनेछ।

| **प्रथम पक्षको तर्फबाट** | **दोस्रो पक्षको तर्फबाट** |
|---|---|
| नाम: | नाम: |
| ठेगाना: | ठेगाना: |
| दस्तखत: | दस्तखत: |

आज्ञाले

शालिकराम फुयाल

प्रमुख प्रशासकीय अधिकृत